
मष्टा गाउँपालिकाको

आर्थिक वर्ष २०८३/०८४ को



नीति तथा कार्यक्रम

गाउँपालिका अध्यक्ष ज्ञान वहादुर वोहराबाट

२०८३ असार ०९ गते मंगलवारका दिन

गाउँसभामा प्रस्तुत

मष्टा गाउँपालिकाको कार्यालय

भातेखोला, बझाङ्ग

उपस्थित गाउँसभाका सदस्यहरु, गाउँसभा सचिव, कर्मचारी साथीहरु, पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु, सर्वप्रथम मष्टा गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समाजमा आमूल परिवर्तनका विभिन्न कालखण्डमा राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरूको गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, राष्ट्रिय हित, सुशासन, जवाफदेहिता र लोकतान्त्रिक शासन प्रणालीमा सुधार गर्नका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

मुलुकको चौतर्फी विकासको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि गठित मष्टा गाउँपालिकाको दोस्रो निर्वाचित स्थानीय सरकार प्रमुखको हैसियतले मष्टा गाउँपालिकाको आ व २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको चौधौं अधिवेशनमा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासको राष्ट्रिय लक्ष्य, सरकारको दीर्घकालीन सोच, आवधिक योजनाका लक्ष्य उद्धेश्य तथा रणनीतिहरुलाई प्रभावकारी कार्यान्वयन गर्दै स्थानीय सरकारबाट प्रवाह हुने सेवा तथा सुविधा, गुणस्तरीय पुर्वाधार विकास र स्थानीय शासन प्रणालीमा सुधार गरी समुन्नत गाउँपालिका बनाउने लक्ष्य हासिल गर्ने बाटोमा अघि बढिरहेका छौ । गाउँपालिका संग भएको सीमित स्रोतसाधनले नागरिकहरुको असीमित इच्छा, चाहना र आवश्यकतालाई परिपुर्ति गर्नुगर्ने जिम्मेवारी हाम्रो काँधमा छ ।यी सबै कार्य गर्नको लागि सीमित स्रोत साधनलाई अधिकतम सदुपयोग गरी सरोकारवाला निकायहरुसँगको समन्वय, सहकार्य र समझदारीका माध्यमबाट गाउँपालिका अगाडि बढाउने प्रण गरेका छौ ।

गाउँमै रोजगारीको अवसर सृर्जना गर्ने र गाउँघरको बसाइसराई आकर्षक बनाउने चुनौतीपूर्ण कार्य नीति तथा कार्यक्रमले लिएको छ । ग्रामीण आर्थिक विकासलाई प्राथमिकता राख्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासन प्रवद्र्धन गर्नका लागि गाउँपालिकाको क्षमता अभिवृद्धि गर्न अपरिहार्य छ । गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि गाउँपालिकाले अवलम्वन गर्ने नीति, कार्यक्रम र बजेटको खाका कोर्न र त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका प्रतिवद्ध छ । यस कार्यमा सहयोग गर्नुहुने जनप्रतिनिधि, विभिन्न राजनीतिक दलहरु, कर्मचारी साथीहरु र मष्टावासी दाजुभाई तथा दिदिवहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्दछु**

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः**

अव म मष्टा गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

क) नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ।

ख) नेपालको संविधानको स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकारका सूचीहरु ।

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

घ) संघीय सरकार र स्थानीय सरकारको आवधिक योजनाहरुले लिएका नीति तथा प्राथमिकताहरु।

ङ) संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।

च) विगतका वर्षहरुमा गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु।

छ) विकासमा समसामयिक मुद्धाहरु; दिगो विकास सम्वन्धी नीतिहरु, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, बालमैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, लैगिक सशक्तीकरण, लैङ्गिक उत्तरदायी बजेट र समावेशी विकास ।

ज) गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु ।

**गाउँसभा सदस्यहरु,**

अव म आर्थिक बर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा संक्षिप्तरुपमा प्रस्तुत गर्दछु ।

१. वर्तमान स्थानीय सरकार गठन भएको चार वर्षको अवधिमा सुशासन प्रवर्द्धन, शासन व्यवस्थामा सुधार र विकास प्रशासन कार्यमा सकारात्मक परिणाम देखिएको छ ।

२. गाउँपालिकाको सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रहरु समस्याको पहिचान, प्राथमिकीकरण, वजेट तर्जुमा, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण विधि र प्रक्रियाहरुमा संस्थागत सुधार भएको छ ।

३. बेरुजुको दर घट्नु र स्थानीय तह वित्तीय सुशासनका सूचकहरुमा देखिएको उत्कृष्ट नतिजाले मष्टा गाउँपालिकाको सुशासन जवाफदेहिता र शासन प्रणालीमा उत्साहजनक सुधार भएको छ ।

४. विकास प्रशासन र शासकीय अभ्यासमा रहेका विगतका कमीकमजोरीलाई सुधार गरी दिगो विकास र सुशासन प्रत्याभूति दिलाउन स्थानीय सरकार क्रियाशील रहेको छ । यसबाट आम जनमानसमा सुशासन र विकासको आशा र भरोसा पलाएको छ ।

५. गाउँपालिकाले संचालन गरेका भौतिक पूर्वाधार, स्थानीय आर्थिक तथा सामाजिक विकास, कृषि, शिक्षा र स्वास्थ्य, वन वातावरण र विपद् व्यवस्थापन, उद्यमशील विकास आदि क्षेत्रमा देखिएका उपलव्धी र सो उपलव्धी हासिल गर्नका लागि अवलम्वन गरेका कार्यशैलीले उत्साहजनक परिणाम देखिएका छन् ।

६. लामो समयदेखि निर्माण प्रगति नभएका विकास आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको शीघ्र कार्यान्वयनमा जोड दिइएको छ । विकास परियोजना कार्यान्वयनमा आर्थिक अनुशासन कायम राख्न बजेट खर्च प्रणालीमा सुधार भएको छ ।

७. १२४ कि.मि. वाटोको स्तरोन्नती, ३० किलो मिटर सडकको निर्माणबाट नागरिकहरुलाई आवतजावत र सामान ढुवानी गर्न सहजता मिलेको छ ।

८. वडा नं १ र वडा नं २ मा एक घर एक खानेपानीको धारा योजनाबाट ७४५ घरघुरीलाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गरी स्वास्थ्य स्वच्छता र सरसफाईमा अभिवृद्धि भएको छ ।

९. अध्यारो मुक्त उज्यालो युक्त गाउँपालिकाको प्रतिबद्धतालाई साकार पार्न हाल सम्म प्रत्येक वडामा राष्ट्रिय विद्युत प्रसारण लाइनको पहुँच पुगेको छ तर केही वस्तीहरुमा राष्ट्रिय प्रशारण लाईन नपुगेकोमा आगामी आ.व. २०८३।०८४ भित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

१०. गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ । मष्टा गाउँपालिकाको पहलमा प्रदेश सरकार, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) कार्यक्रम अन्तर्गत पहुँच मार्ग देखि गाउँपालिका जोड्ने सडक (पानकोट ब्रिज - पडेस - डुङ्ग्री - चिउरी - लेकिखाउला - भातेखोला सडकखण्ड (१८.८६३ कि.मि.) को

स्तरोन्नति र सो सडकमा पर्ने पक्की पुल निर्माणका लागि  ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेको छ

११. रैथाने तथा उन्नत वालीहरुको उत्पादन, संरक्षण, प्रवर्द्धन र बजारीकरण भएको छ । वालीनालीमा देखिएका विभिन्न रोग किराहरुको नियन्त्रण तथा उत्पादन वृद्धिमा सकारात्मक परिणामहरु देखिएका छन्। गाउँपालिकाले विभिन्न कृषि फर्म, समुह, सहकारी र पकेट क्षेत्रमा गरेको लगानीबाट किसानहरु प्रोत्साहित तथा लाभान्वित भएका छन् ।

१२. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था र असाहाय, अपाङ्ग र हिडडुल गर्न नसक्ने असक्तहरुका लागि घरदैलोमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने गरेको छ । गाउँपालिकाले आमावुवा नभएका टुहुरा वालवालिकाको संरक्षण गर्दै जीवनयापनका लागि मासिकरुपमा खर्च उपलव्ध गराउने व्यवस्थाबाट नागरिकहरुको जीवनयापन सहज भएको छ ।

१३. भारत लगायत तेस्रो मुलुकमा वैदेशिक रोजगारीको क्षेत्रमा रहेका जनशक्तिको नक्सांकन गरिएको छ । कृषि तथा गैर कृषि क्षेत्रहरुको पहिचान गरी लक्षित वर्गलाई रोजगारी सृर्जना गर्न स्थानीय अल्लो भाँग्रोको प्रशोधन गरी कपडा तथा वस्तु उत्पादन गरी रोजगारी सृजना भएको छ ।

१४. निशुल्क स्वास्थ्य शिविर, गाउँघर भेटघाट कार्यक्रम र स्वास्थ्य संस्थाका गतिविधिले स्वास्थ्य सेवा, पोषणको गुणस्तरमा अभिवृद्धि हुँदैं शारीरिक तथा मानसिक अपाङ्गहरुको स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि भएको छ ।

१५. आमा सुरक्षा कार्यक्रम, संस्थागत सुरक्षित प्रसुति सेवा, गर्भवती महिलालाई निःशुल्क भिडियो एक्सरे,  उत्तरप्रसुती घरभेट सेवा तथा परिवार नियोजन सेवा, धुम्ति शिविर सेवा, नियिमत परिवार नियोजन सेवाले नागरिकहरुको आधारभुत स्वास्थ्य सेवा सुनिश्चित भएको छ ।

१६. हरेक बर्ष मष्टा गाउँपालिका पुर्ण खोप सुनिश्चितता, निरन्तरता तथा दिगोपना घोषणा भएको छ ।

१७. वस्ती सुधार कार्यक्रम अन्तगत घरआँगन सरसफाई भएका छन् । सभ्य, सुसंस्कृत नागरिकहरुको पहिचान वनेको छ ।

१८. हाम्रा परम्परागत कला, संस्कृति, संस्कार र सभ्यताको दस्तावेजीकरण हुनका साथै धार्मिक पर्यटकहरुलाई आकर्षणका गर्न पवित्र तिर्थस्थल ढँडार मष्टामाणु पुननिर्माण निर्माण अभियान, मालिका पर्यटकीय स्थल निर्माण र तपोवन राममन्दिर तथा अन्य संरचनाहरुको निर्माण कार्य  भइरहेको छ ।

१९. दक्ष जनशक्तिको अभाव, नागरिकहरुको विकासप्रतिको तीव्र चाहना, सिमित स्रोतसाधन र असिमित नागरिकको अपेक्षालाई सम्वोधन गर्न चुनौती छ । भिरालो भूभाग, छरिएका गाउँवस्तीहरु, भूक्षयले क्षतविक्षत जमिन, वेरोजगारी युवाहरुले थलिएको मष्टा गाउँपालिकालाई लयमा फकाउदै विकासका लक्ष्य क्रमशः हासिल गर्ने दिशामा अघि बढेको छ ।

२०. मष्टा गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा जम्मा ६००० मिटर वस्ती सुधार तथा ढल निकाशको कार्य सम्पन्न भएको छ ।

२१. मष्टा गाउँपालिकाका ७ वटै वडा कार्यालयहरु निर्माण सम्पन्न भई उक्त कार्यालयहरुबाट नियमित सेवा प्रवाह भईरहेको छ ।

२२. नेपालको संविधान,संघ प्रदेश र स्थानीय सरकारका आवधिक योजना, दिगो विकासको लक्ष्य लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता, हालसम्म प्राप्त उपलब्धी तथा अनुभव, स्रोत साधनको उपलब्धता,गाउँपालिकाको आवश्यकता एवम् नागरिकहरुको माग र चाहनालाई मार्गदर्शनको रुपमा लिई स्थानीय सरकारले प्रस्तुत नीति तथा कार्यक्रम तयार गरेको छ ।

२३. मष्टा गाउँपालिकामा आर्थिक विकास, सामाजिक विकास (शिक्षा र स्वास्थ्य,लैङ्गिक विकास,) पुर्वाधार विकास, कृषि, वन तथा वातावरण, सुशासन तथा संस्थागत विकास, स्थानीय स्रोतमा आधारित उद्यमशीलता विकास र रोजगारी सृजना, गरिबी न्वयुनीकरण लाई प्राथमिकतामा राखेर आर्थिक वर्षका प्रमुख कार्यक्रमहरु तय गरेको छु ।

२४. मष्टा गाउँपालिकामा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण कार्यक्रमअन्तर्गत लाभग्राही पहिचान भएका कुल १,०७९ जना मध्ये १,०३७ जनासँग अनुदान सम्झौता सम्पन्न गरिएको छ। तीमध्ये ७५२ जनासँग पूर्ण पुनर्निर्माण तथा २८५ जनासँग प्रबलीकरण (Retrofitting) का लागि सम्झौता गरिएको छ।

**गाउँसभा सदस्यहरु,**

नेपालको संविधान, प्रचलित कानुनी व्यवस्था, संघीय, प्रदेश र स्थानीय सरकारका लक्ष्य, नीति योजना तथा स्थानीय अनुभव, सिकाई आदिका आधारमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

अव, म मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## कृषि तथा पशुपालन

१. कृषकको आवश्यकता अनुसार राशायनिक मल तथा उन्नत बीउको ढुवानी अनुदानलाई निरन्तरता दिएको छु ।

२. सबै वडामा स्थापना भएका कृषि तथा पशुपन्छी उपचार केन्द्रहरुबाट हुने सेवा प्रवाहलाई निरन्तरता दिदै बालीनाली र पशुपंक्षीका आकस्मिक/महामारी संक्रामक रोग र समस्याहरुको रोकथाम तथा न्युनीकरण गरी रोग प्रतिरोधात्मक क्षमता र कृषि/ पशुपन्छीजन्य उत्पादन बढाउन आवश्यक बीउबिजन, विषादी, औषधी, खोप र आहाराको उचित व्यवस्थापन गरिनेछ ।

३. सरकारी तथा गैह्र सरकारी संस्थाहरु सँगको साझेदारीमा कृषि तथा पशुपालन क्षेत्रमा विभिन्न कार्यक्रमहरु (उत्पादन, संशोधन प्रशोधन ब्राण्डिङ्ग बजारीकरण यान्त्रीकरण र क्षमता विकास) सञ्चालन गरी युवा स्वरोजगार तथा उद्यमशील कार्यक्रम सञ्चालन गरिनेछ ।

४. स्वस्थ जीवनयापनका लागि विपन्न तथा दलित समुदाय, एकल महिला, सुनौलो हजार दिनका आमाहरुको पोषणमा सुधारका लागि कृषि तथा पशुपालनमा आधारित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA) मार्फत बाझो रहेको खेती योग्य जमिनको सदुपयोगका लागि स्थानीय हावापानी सुहाउदो फलफूल तथा तरकारी खेतीको विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकास गर्दै युवा रोजगारी सृजना गरिनेछ ।

## संस्कृति तथा पर्यटन

६. मष्टा गाउँपालिका भित्र रहेका धार्मिक तथा ऐतिहासिक धरोहरहरु, लोपन्मुख कला, संस्कृति, परम्परागत सामाजिक मुल्य मान्यताको उचित संरक्षण तथा सम्बर्द्धन गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

७. सार्वजनिक, निजी साँझेदारीमा सञ्चालित पुरातात्विक तथा धार्मिक ऐतिहासिक महत्व वोकेको ढडार मष्टो माँणुको पुननिर्माण कार्य सम्पन्न गरिनेछ, साथै, मालिका पर्यटकीय पदमार्ग र तपवन स्नान स्थल तथा पदमार्ग निर्माण कार्य अघि वढाइनेछ ।

८. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनबाट स्वरोजगार सृर्जना गर्न पर्यटकीय गाउँ र सोही गाउँमा वसोवास गर्ने युवाहरुको पहिचान तथा परिचालन गर्दै उनीहरुको क्षमता अभिवृद्धि गरी होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

९. उच्च शिक्षा हाँसिल गर्न चाहने सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न तथा जेहन्दार विद्यार्थीहरुको एमविविएस अध्ययन गर्न एमविविएस अध्ययन कोष संचालन गरिनेछ । उक्त कोषबाट एमविविएस अध्ययन गर्नेहरुलाई निर्देशिका वमोजिम खर्च गरिनेछ ।

१०. मष्टा गाउँपालिकाले स्थानीय विषयवस्तु र परिवेशलाई समेटी निर्माण गरिएको आधारभुत तह कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई विद्यालयमा प्रभावकारी कार्यान्वयन गर्ने वातावरण मिलाइनेछ ।

११. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई विभिन्न विषयवस्तुहरुमा क्षमता अभिवृद्धि तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. विद्यालयमा नगदमा आधारित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै स्थानीय उत्पादनलाई दिवा खाजा कार्यक्रम सँग जोड्दै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणमा सुधार गरिनेछ ।

१३. सरकारी तथा गैह्र सरकारी संस्थाहरुको साझेदारीमा विद्यालयमा भान्छा घर निर्माण, प्रारम्भिक तहको पढाई तथा कक्षा व्यवस्थापन, सुशासन र शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. पालिका स्तरीय राष्ट्रपति रनिङ्गसिल्ड तथा अध्यक्ष कप जस्ता खेलकुद प्रतियोगिताका साथै विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्न अतिरिक्त क्रियाकलाप संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५. विद्यालयको शैक्षिक तथ्याङ्क र मूल्याङ्कनलाई व्यवस्थित गर्न तथा विद्यार्थीहरुको पठनपाठनलाई सहज पार्नको लागि डिजिटल सफ्टवयरको प्रयोग गरिनेछ । विद्यालयमा प्रविधिमैत्रि वातावरणको सृजना गरिने छ ।

१६. एक वडा एक नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिन प्रोत्साहन गरिने छ ।

**स्वास्थ्य तथा वहुक्षेत्रीय पोषण**

१७. स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाको गुणस्तर, प्रभावकारिता, सर्वसुलभता तथा पहुँच अभिवृद्धि गर्दै अत्यावश्यक औषधीको नियमित आपुर्ति गर्ने व्यवस्था मिलाईएको छ ।

१८. नागरिकलाई सरल तथा सुलभ स्वास्थ्य सेवा प्रवाहका लागि मष्टा स्वास्थ्य चौकी र रिलु स्वास्थ्य चौकीको भवन निर्माण गरिनेछ साथै मष्टा गाउँपालिका वडा नं ४ मा पालिका स्तरीय १० शैयाको अस्पताल निर्माणको कार्य प्रारम्भ गरिनेछ ।

१९. स्वास्थ्य संस्था (स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई तथा बर्थिङ सेन्टर) को सुदृढीकरण, स्तरोन्नति तथा सेवा विस्तार गरी गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गरिनुका साथै मष्टा गाउँपालिका वडा नं १ रनाडामा सामुदायिक स्वास्थ्य इकाई केन्द्र, वडा नं ४ मा रहेको आग्रा बर्थिङ्ग सेन्टरलाई सामुदायिक स्वास्थ्य इकाई केन्द्रको रुपमा स्तरोन्नती, वडा नं ७ मा रहेको लटौन बर्थिङ्ग सेन्टरलाई आधारभुत स्वास्थ्य सेवा केन्द्रको रुपमा स्तरोन्नती र मष्टा गाउँपालिका वडा नं ५ मा किनाडा बर्थिङ्ग सेन्टरलाई व्यवस्थापन गरिनेछ ।

२०. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि घुम्ती तथा घरदैलो स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

२१. पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम राख्दै खोज र खोप अभियान सञ्चालन गरिनेछ । मातृ तथा नवजात शिशु मृत्यु दर न्यूनीकरणका लागि संस्थागत सुत्केरी, जोखिमयुक्त गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा, जटिल प्रसूति प्रेषण सेवा तथा परिवार नियोजन एवं किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको विस्तार गरिनेछ ।

२२. मिर्गौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर तथा मेरुदण्ड पक्षघात, नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या, पाठेघरको मुखको क्यान्सर लगायतका रोगहरूको स्क्रिनिङ, परामर्श तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

२३. कुपोषण न्यूनीकरण गर्दै पोषणमैत्री वडा तथा स्थानीय तह निर्माण अभियान सञ्चालन गरिनेछ । शीघ्र कुपोषण व्यवस्थापन, बहुक्षेत्रीय पोषण कार्यक्रम, विद्यालय स्वास्थ्य परिक्षण, पोषण मूल्याङ्कन तथा स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. स्वास्थ्य, खानेपानी स्वच्छता, महिला तथा बालबालिकाको पोषण सूधार बहुक्षेत्रीय पोषण योजना लक्षित पोषण संवेदनशिल तथा पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

## सामाजिक सुरक्षा

२६. नेपाल सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंक सम्म खाता खोल्न आउने समस्यालाई मध्यनजर गर्दै वडा कार्यालयमै गएर खाता खोल्ने अभियानलाई निरन्तरता दिनुका साथै बायोमेट्रिक भेरिफिकेसन अनिवार्य भएकाले घुम्ति शिविर मार्फत टोलमै गएर सेवा दिईनेछ ।

२७. अपाङ्ग र अति अशक्त जेष्ठ नागरिकहरुलाई वडा कार्यालयको सिफारिसमा घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिएको छ । गाउँपालिका भित्र रहेका हेरचाह गर्नुपर्ने बर्ग समुहको **Care Profile** बनाई हेरचाह नीति लागु गरिनेछ ।

२८. आमा बुबा नभएका ६ वर्षदेखि १६ वर्ष उमेर समुहका टुहुरा वालवालिकाको पठनपाठनको सहजता तथा सुनिश्चिताका लागि मासिकरुपमा भत्ता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२९. गाउँपालिका भित्रका ४० देखि ६८ वर्षका विदुर पुरुषहरुको तथ्याङ्क अद्यावधिक गरी उनीहरुलाई मासिकरुपमा एकल पुरुष तथा विदुर भत्ता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ ।

## लैंगिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

३०. समाजमा विद्यमान बालविबाह, बहुविबाह, छाउपडी प्रथा महिला हिंसा तथा सामाजिक कुरिति विरुद्ध विभिन्न जनचेतनामूलक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।

३१. गाँउपालिकामा स्थायी बसोबास भएका एकल महिला, अपाङ्ग, दलित, न्यून आयस्तर भएका व्यक्तिहरुलाई विभिन्न सीपमुलक तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. गाँउपालिकामा लैंगिक हिंसा निवारण तथा एकल महिला संरक्षण कोष संचालन र परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

३३. किशोरकिशोरीहरुको क्षमता अभिवृद्धि गर्न गाँउपालिकामा किशोरी सम्मेलन गरी सामाजिक कुरितीको अन्त्य गरिने छ।

**सहकारी, उद्यमशिलता विकास र रोजगार प्रवर्द्धन**

३४. गाउँपालिका भित्र रहेका सहकारी संस्थालाई प्रचलित कानुनको दायरामा ल्याईनेछ । सहकारी संस्थाको क्षमता अभिवृद्धि गरिनुका साथै व्यवस्थित पारदर्शी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

३५. स्थानीय उत्पादन तथा कच्चा पदार्थमा आधारित लघु उद्यमि, फर्म, समुह एंव सहकारीहरुको क्षमता विकास गरिनुका साथै प्रविधिको हस्तान्तरण गरिने छ ।

३६. स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ अल्लो र हेमलाई प्रशोधन गरी विभिन्न वस्तुको निर्माण र बजारीकरणमा सहयोग गरिनेछ ।

३७. स्थानीय स्तरमा उपलव्ध ढटेलो र भाङ्गोबाट उत्पादित तेल, गान्टे मुला (चोतो) बाट उत्पादित अचार, सिन्की, गुन्द्रुक र चाना, कुएलीको जुस उत्पादन, तथा कोदो र जौबाट उत्पादित वस्तुहरुको व्रान्डिङ्ग, लेवलिङ्ग, गुणस्तर निधारण र वजारीकरण गरी स्थानीय आर्थिक विकासलाई सवलीकरण गरिनेछ ।

३८. वैदेशिक रोजगारी, आंशिक रोजगारी तथा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलनका साथै वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरणका साथ सार्वजनिक तथा निजी क्षेत्रसँग समन्वय गरी रोजगारका अवसरको खोजी गरिनेछ ।

३९. युवा, महिला, दलित, अपाङ्गता, सिमान्तकृत भएका व्यक्ति तथा विपन्न वर्गलाई प्राथमिकताका साथ बजारको मागअनुसार सीपमूलक तालिम सञ्चालनका साथै प्रशिक्षित जनशक्तिको अभिलेख व्यवस्थापन गरिनेछ।

४०. स्थानीय स्रोत, साधन र सम्भावनामा आधारित उद्यम स्थापनाका लागि सहुलियतपूर्ण ऋण तथा अनुदान कार्यक्रममा पहुँच पुर्याउन आवश्यक सहजिकरण गरिनुका साथै नवउद्यमीलाई व्यवसाय योजना, वित्तीय साक्षरता तथा बजार व्यवस्थापन सम्बन्धी सहजीकरण गरिने छ।

४१. आयोजना बैंक र कामदार संग भएको सीपको नक्साङ्नका आधारमा श्रमिक सीप बैंकको स्थापना गरी सञ्चालन हुने आयोजनाहरुमा श्रमिक सीप बैंकबाट दक्षताका आधारमा कामदारको छनौट गरिनेछ ।

४२. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत आयआर्जन अभिवृद्धि गर्न उद्यमी छनौट, सीप विकास तालिम, उद्यमीहरुको स्तरोन्नती र व्यवसायिक प्रबर्द्धन गर्ने कार्यक्रम व्यवहारिक रुपमा कार्यान्वयन हुने गरी सञ्चालन गरिनेछ ।

## पूर्वाधार विकासः

### खानेपानी तथा सरसफाई

४३. एक घर एक खानेपानी धाराको अवधारणा अन्तर्गत मष्टा गाउँपालिका भरी खानेपानी सेवाको विस्तार गर्न कादुरी नेपाल, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) तथा विभिन्न सरोकारवाला संघ संस्थाहरुसँग समन्वय गरी कार्य सञ्चालन गरिनेछ ।

४४. खानेपानी सेवालाई नियमित तथा दिगो रुपमा सञ्चालन गर्नका लागि नियमित मर्मत सम्भार कोषको स्थापना र खानेपानी, तथा सरसफाई स्वच्छताका लागि गाउँपालिका स्तरमा खानेपानी तथा सरसफाई स्वच्छता वोर्ड गठन गरी कार्यान्वयन गरिनेछ ।

### भवन, सडक तथा पुल

४५. गाउँपालिका जोड्ने पक्की सडक (ढुग्री, लेकी, खेतकोट, उकाली, भातेखोला धामीगाउँ) र उक्त सडकमा पर्ने पक्की पुल (सेती नदी कपडया, ढुग्री, धनाघाट, रीलु) निर्माण गर्न पहल गरिने छ।

४६. ढुग्री— रनाडा—भूसिया सडक, ढुग्री—तपवन—तलकोट सडक, तपवन—रिलु—घोडिलेक सडक लाडिगाड भतेली मानाकोट सडक र उकाली बाडेगाउँ लटौन सडकको स्तरोन्नती तथा निर्माणको व्यवस्था मिलाइने छ ।

४७. नागरिकहरुको आवतजावतमा सहजता ल्याउन खिकाली गाड झो.पु, द्वारीगाड झोलुङ्गे पुल, दोगाडे झोलुङ्गे पुल निर्माण सम्पन्न गरिनेछ भने पातलगडा, घट्टेवगर, झोलुङ्गे पुलको सम्भाव्यता अध्ययन गरिनेछ ।

४८. भुकम्प प्रतिरोधक तथा भवन आचरसंहिता अनुरुप नक्सा पास गरेर मात्र सार्वजनिक तथा निजी भौतिक संरचना निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

४९. आ.व. २०८१।०८२ मा निर्माण कार्य शुरु भएको गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरिनेछ । साथै मष्टा गाउँपालिका अन्तर्गत खेलमैदानहरुको स्तरोन्नती तथा निर्माण गरिनेछ ।

## उर्जा र सञ्चार

५०. मष्टा गाउँपालिकालाई अध्यारो मुक्त र उज्यालो युक्त गाउँपालिकाको अभियानको लक्ष्यलाई पुरा गर्न मष्टा गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनको विस्तार कार्य सम्पन्न गरिनेछ ।

५१. आधुनिक विज्ञान र प्रविधिको युग अनुकुल अगाडि वढ्नका लागि पालिकाका सवै वडाहरुमा अप्टिकल फाइवर लाईनलाई विस्तार गरिने छ भने प्रत्येक वडामा प्रभावकारी संचारका लागि मष्टा गाउँपालिकाको उपयुक्त स्थानमा टावर स्थापनाका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

५२. विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनीकरण गर्न स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई व्यवस्थित गरी समुदायमा विपद् पुर्वतयारी र खोज उद्धार राहत सामाग्रीको पुर्व भण्डारण गरिनेछ।

५३. वर्षा,वाढी, पहिरो, खडेरी, आगलागी लगाएत प्राकृतिक मानवीय जैविक प्रकोपको तत्काल सम्बोधन गर्ने गरी संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा विपद् पूर्व तयारी पूर्व सुचना पून निर्माण पुनस्थापना र विपद् जोखीम न्युनीकरणमा जोड दिईनेछ।साथै बाढि पहिरो ग्रस्त क्षेत्रहरुमा वृक्षारोपण, हरियाली र हरित क्षेत्र वनाउन प्रोत्साहन गरिनेछ ।

५४. भुकम्पीय जोखिम र विपदलाई मध्यनजर गर्दै अनिवार्य रुपमा भवन संहिता मापदण्डपालना गरि भवन निर्माण गर्न अनुमति दिइनुका साथै विकासका कार्यक्रमहरु सञ्चालन गर्दा वातावरण मैत्री र जलवायु परिवर्तनसँग अनुकुलितहुने गरी सञ्चालन गरिने छ।

५५. वन उपभोक्ता समित सगंको सहकार्यमा वन तथा वातावरण सम्वन्धित कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण,जलवायु परिवर्तन अनुकूल गरिबी तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुर्याउने कार्यक्रमहरुलाई विशेष प्रथामिकता दिईनेछ।

५६. भूकम्प प्रभावित १,०३७ जना लाभग्राहीको निजी आवास पुनर्निर्माण तथा प्रबलीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै निर्माण प्रगतिअनुसार अनुदान किस्ता भुक्तानीलाई समयमै सुनिश्चित गरिनेछ।

**सुशासन तथा संस्थागत विकास**

५७. गाउँपालिकाले प्रवाह गर्ने सेवा र सुविधा प्रवाहमा डिजिटलको प्रयोग मार्फत छिटो, छरितो, पारदर्शि र मितव्ययी वनाइनेछ । राजश्व, योजना, लेखा, सामाजिक सुरक्षा भत्ता, कार्यालय संचालन सामाग्री खरिद प्रक्रिया, वोलपत्र आदि अनलाईन माध्यामबाट गराउने व्यवस्था मिलाइनेछ ।

५८. मष्टा गाउँपालिकामा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरुको नियमित अनुगमन गर्नुका साथै एकद्वार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्था मिलाइने छ।

५९. राष्टसेवक कर्मचारीको नतिजा सूचक सहितको कार्य सम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। साथै गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा उचित रुपमा जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M survey) गरिनेछ ।

६०. सामाजिक जवाफदेहिता तथा सुशासन प्रवद्र्धनका लागि नागरिक वडापत्र, सोधपुछ कक्ष, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, हटलाईन संयन्त्रको निर्माण, कार्यविधिको परिमार्जन र सोको प्रभावकारी कार्यान्वयन गराइनेछ ।

६१. गाउँपालिमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी अवार्ड, विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई मष्टादेव शैक्षिक अवार्डबाट सम्मानित गर्ने व्यवस्था मिलाइने छ ।

६२. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार आफू कार्यरत स्थानबाट पालिका भित्रकै अन्य स्थानमा कामकाज गर्ने गरी पदस्थापन गर्न सकिनेछ ।

६३. नागरिक गुनासो सुनुवाईका लागि गुनासो संयन्त्रको विकास गरिने छ ।

६४. उपलब्ध जनशक्तिलाई उच्च मनोवलका साथ आफ्नो योग्यता र क्षमता अनुसार भरपुर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ ।

६५. गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशसानलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र

सहभागितामूलक बनाउँदै लगिनेछ । कार्यालय र जनशक्तिलाई साधन स्रोतले सुसज्जित गराई गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ ।

**न्यायिक समिति**

६६. सबै नागरिकलाई समान न्याय सुनिश्चित गर्न न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी वनाउने नीति अवलम्वन गरिनेछ ।

६७. सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउदै सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

६८. गाउँपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकृत गरिनेछ ।

**सूचना प्रविधि**

६९. आम नागरिकलाई डिजिटल साक्षरता अभियान अन्तर्गत स्थानीय नागरिक, कर्मचारी, जनप्रनिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवाप्रवाहसँग सम्वन्धित पक्षहरुलाई लक्षित गरी डिजिटल साक्षरता सम्वन्धी कार्यक्रम लागु गरिनेछ ।

७०. डिजिटल पालिका, प्रविधिमैत्री पालिका अनुरुप पालिकाको मोवाईल एप्स सञ्चालन गरी सेवा प्रवाहलाई एकीकृत गरिनेछ । साथै पहिला खरिद भएका तर प्रयोगमा नआएका सफ्टवेयर तथा उपकरणहरुको मर्मत, अधावधिक र पुनः प्रयोग गरिनेछ ।

७१. पालिकाबाट प्रदान गरिने सेवाहरु तथा सूचनाहरु अनलाइनमार्फत प्रशारण गरिनेछ र वडा कार्यालयबाट उपलव्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणालीबाट अझ प्रभावकारी बनाइनेछ।

७२. गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा अनिवार्य ई-हाजिरीको व्यवस्था गरिनेछ भने विद्यालयहरुमा क्रमशः विस्तार गरिनेछ ।

**योजना अनुगमन तथा संस्थागत विकास**

७३. गाउँपालिमा सञ्चालन भएका सम्पूर्ण योजना र आगामी वर्षका लागि छनौट भएका आयोजनाहरुलाई एकिकृत गरी योजना बैङ्क निर्माण गरी योजना तथा आयोजना सञ्चालन गरिने व्यवस्था गरिनेछ ।

७४. योजना तथा आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि योजनाहरुलाई सूचकमा आधारित अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

७५. योजनाको सम्भाव्यता अध्ययन, डिजायन, नक्साङ्कन, इस्टिमेट, उपभोक्ता समिति गठन र वोलपत्रको सूचना प्रकाशन भदौ मसान्त भित्र गरि सक्नु पर्नेछ ।

आर्थिक वर्ष २०८३।०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सवल र न्यायपूर्ण गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पऱ्याउने विश्वास लिएको छु ।

अन्तमा गाउँवस्तीको विकास र परिवर्तनका लागि अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालय प्रमुख लगाएत सम्पूर्ण कर्मचारीहरु, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, सुरक्षाकर्मी, समाजिक संघ संस्था, निजी तथा ब्यवसायिक क्षेत्र, सञ्चारजगत लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**